# चौंथो नगर सभाका निर्णयहरु:

मिति: २०७६।०१।१६

१, मिति २०७५ श्रावणदेखि २०७६ बैशाख १५ गतेसम्म मुसीकोट नगर कार्यपालिका, नगर प्रमुख, नगर उपप्रमुख, बिभिन्न बिषयगत समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत अधिकार प्राप्त पदाधिकारीहरुले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

२, यस चौंथो नगर सभामा सभाध्यक्षबाट पेश भएको चालु आ.ब.को हालसम्मको कार्य प्रगति प्रतिबबेदन सामान्य संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

३, सभाध्यक्षबाट नगर सभामा पेश भएको मदिरा नियन्त्रण तथा ब्यबस्थापन सम्बन्धी बिधेयक २०७६ सामान्य परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो । साथै सुशासन कार्यबिधि २०७६, नदि तथा अन्य सार्बजनिक क्षेत्रको सरसफाइ सम्बन्धी कार्यबिधि २०७६, वालगृह सञ्चालन कार्यबिधि २०७६ र एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

४, गत आ.ब. २०७४।०७५ मा महालेखा परिक्षकको कार्यालयबाट औंल्याइएको बेरुजु मध्ये निम्न अनुसारको बेरुजु रकम रु. ३,१५,४३,७९९।- (अक्षेरुपी तिन करोड, पन्ध्र लाख, त्रिचालिस हजार, सात सय उनान्सय रुपौयाँ मात्र ।) पेश भएका प्रमाणका आधारमा फछ्र्यौट गरि सम्परिक्षणका लागि महालेखा परिक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

५, हाल यस नगरपालिकाको नाम र स्वामित्वमा रहेको भवन तथा जग्गा अपर्याप्त भएको र संघिय संरचनापछि साबिकमा रहेका कार्यालयहरुको जग्गा तथा भवन प्रयोग बिहिन भएकोले तपशिल बमोजिमका जग्गा तथा उक्त जग्गामा बनेका संरचनाहरु नगरपालिकाको नाममा ल्याउन संघिय सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गर्ने निर्णय गरियो ।

तपशिल:

क) जनकपुर चुरोट कारखानाका नाममा मु.न.पा. ५ मा रहेको कि.नं. ११२८, क्षेत्रफल १५१० बर्गमिटर भएको जग्गा ।

ख) जिल्ला भू-संरक्षण कार्यालय रुकुमको नाममा मु.न.पा. ५ मा रहेको कि.नं. ६२३ र ६४८, क्षेत्रफल क्रमश: २५९७।५ र २८८।५ बर्गमिटर भएको जग्गा ।

ग) हाल मुसीकोट नगरपालिकाको कार्यालय रहेको साबिक जिल्ला कृषि विकास कार्यालय रुकुमको नाममा मु.न.पा. ५ मा रहेको कि.नं. ७१० र ७२९, क्षेत्रफल क्रमश: ८०७।५ र ३६२२।५ बर्गमिटर भएको जग्गा र उक्त जग्गामा बनेका भवन तथा अन्य संरचनाहरु ।